# कबिता,
# अँध्यारोका तस्वीरहरु

–सुरेन्द्र लिम्बु ‘परदेशी’

कुनै नौलो बस्ती देखाउन २
साँझ फुलेका बत्तीहरु
वेदनाकन बोझबोकी
अनायस म भित्र पसिरहेछन्
निर्दोस नयनका बाटो भएर
यही बत्तीले अँध्यारो छेकीन्छ
शैसवकालहरु यहीं देखिन्छ
बेलिचमेली सबै भेटिन्छ
हर्ष र बिस्मातको आभाष हुन्छ
जन्माई हुर्काई यौवन दिने
मेरै प्यारो सुन्दर गाँउको
तस्बीर आफैं बन्छ मेटिन्छ
हे जुनकीरी २
आउ सुनाउ कथाहरु
चुपचाप खोलीदेउ यही रातमा
जटिल जीवनका जस्केलाहरु
म पनि तिमी सँगै भाग्न चाहन्छु
जिन्दगीलाई यतै छाडेर
अँध्यारोमा बिस्थापित भएका २
मेरा रात्री आकृतीहरु
अलग्गीएर हेर्न अगावै
म अनुभूतिको रंगहरुमा
मेरै चित्रको क्यानभास बनेछु
मेरै घरको सिंढी पिंढीमा २
घरीघरी पुग्छु टारीबारीमा
हावा सँगै वयेली खेल्ने
करेसा छेउको केराबारीमा
चराचुरुंगी चिरबीर गर्छन
मलाई छुन्छन् मायालु हुन्छन्
रम्न खोज्छु बिरानो बन्छन्
संझनाका मिठा प्रतिबिम्बहरु
जीवन जीउनुको सामरिक द्वन्द्वमा २

कहिले चट्टनको भिल्का बनेर
कहिले बियोगमा फिक्का बनेर
दृश्य अदृश्य फेरीरहेछन्
मनका आँखाले हेरिरहेछन्
थाहै नपाई परेलीबाट
आँशु बनेर बगिरहेछन्
अँध्यारोका तस्बीरहरु
अँध्यारोका तस्बीरहरु ।

अस्तु ॥
मावादीन-८, संखुवा-सभा, नेपाल ।
हाल-भारत ।